नेपाल सरकार

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

**खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग**

<u>**निरीक्षण अनुगमन सम्बन्धी विवरण**</u>

यस विभाग अन्तर्गतको खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय बिराटनगरबाट विभिन्न मितिमा आ.व. २०८२/८३ को खाद्य स्वच्छता सप्ताह अन्तर्गत निम्नानुसारको खाद्य व्यवसायको खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम अनुगमन निरीक्षण गरी तपसिल उल्लेख भए अनुसार आवश्यक कारबाही गरिएको व्यहोरा जानकारीका लागि यो विवरण जारी गरिन्छ।

| क्र.स. | मिति | व्यवसायको नाम ठेगाना | देखिएको विवरण | निर्देशन/कारबाही |
|---|---|---|---|---|
| १ | २०८३/२/१८ | हैरिसन प्यालेस प्रा लि, बिराटनगर २ | • सरसफाई पर्याप्त नरहेको<br>• फोहोरदानी नछोपी राखेको<br>• खाना बनाएर बाहिरिने र जुठो भाडा भित्रिने द्वार एकै भएको। | • भान्साको सरसफाईमा ध्यान दिने<br>• खाद्य बस्तु तयार गरेको मिति र समयको अभिलेख राख्ने<br>• खाना बनाउने र भाडा सफा गर्ने स्थान छुट्याउने<br>• होटेल ब्यबसायीले पालना गर्नु पर्ने न्युनतम कार्य पालना गर्नु पर्ने<br>• म्याद गुज्रेको एक थान मसला नष्ट गरीयो। |
| २ | २०८३/२/१८ | रुप्सान प्रसोधित खानेपानी उद्योग, बिराटनगर १३ | • अनुमतिपत्र नवीकरण प्रक्रियामा रहेको।<br>• सरसफाईको अवस्था सन्तोषजनक पाइएको। | • प्रशोधन कक्षमा प्रवेश गर्न मिल्ने प्रत्येक ढोकामा जाली ढोकाको व्यवस्था गर्नु पर्ने<br>• प्रशोधित पिउँने पानी उत्पादन मापदण्ड सम्वन्धी निर्देशिका, २०७४ अनुसार कार्य गर्ने व्यवस्था मिलाउने। |
| ३ | २०८३/२/१८ | सरस्वती मा बि, बिराटनगर | • खाजा वितरण हुने स्थान खुल्ला रहेको<br>• खाजा बितरण हुने स्थान वरिपरी अन्य निर्माण सामग्री भण्डारण गरेको पाइएको। | • खाजा बितरण गर्ने स्थान वरपर सफा राख्नु पर्ने<br>• खाजा बितरण गर्ने व्यक्तिले एप्रोन, पन्जा, मास्क लगाएर मात्रै खाजा तयारी तथा बितरण गर्ने गर्नु पर्ने। |
| ४. | २०८३/२/२१ | क्वालिटी सेन्टर, बिराटनगर | • बिक्रि स्थलमा सरसफाइको आवस्था संतोषजनक पाइएको। | • आयातित आयोडिनयुक्त नुनको बिक्रि बितरण नगर्ने र नगराउने। |

| | | | | |
|---|---|---|---|---|
| ५ | २०८३/२/२१ | ओम शान्ति किराना पसल, बिराटनगर | • प्याक गरिएको खाद्य बस्तुमा लेबल बिबरण पूर्ण नभएको पाइएको<br>• पुजा घ्यू नाम गरेको दश (१०) के जी भन्दा कम तौल रहेको बेकरी सर्टेनिंग बिक्रीका लागि राखिएको<br>• आयातित आयोडिन युक्त नून बिक्रीमा राखिएको | • लेबल बिबरण पूर्ण नभएका खाद्य बस्तु बिक्रि वितरण नगर्ने, आफैले प्याक गरी पसलबाट बिक्रि गर्ने सामानमा उत्पादन मिति र उपभोग्य मिति उल्लेख गरेर मात्र बिक्रि वितरण गर्न<br>• दश (१०) के.जी भन्दा कम तौल भएको bakery shortening बिक्रि बितरण नगर्न हुन र भएकोलाइ तुरुन्तै बिक्रिबाट हटाउन<br>• आयातित चार (४) थान आयोडिन युक्त नून नस्ट गरी अब देखि स्वदेशी आयोडिन युक्त नून मात्रै बिक्रि गर्न निर्देशन दिएको। |
| | **अनुगमन गरीएको व्यवसाय संख्याः पाँच (५) वटा** | | | |

Sharma

डा. बाल कुमारी शर्मा

वरिष्ठ खाद्य अनुसन्धान अधिकृत

२०८३/०२/२४

# अनुगमनका केही झलकहरू
















